रास्कोट नगरपालिका, कालिकोट

कर्णाली प्रदेश

२०७८

रास्कोट नगरसभामा मिति २०७८ आषाढ ३१ गते

उपप्रममुख श्री मिमसरा बम शाहीले

प्रस्तुत गर्नुभएको

**आर्थिक बर्ष २०७८।०७९ को**

**बजेट बक्तब्य**

नगर सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

रास्कोट नगरपालिकाको सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । राजनीतिक परिवर्तनका लागि अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक सम्मान गर्दै श्रद्धान्जली व्यक्ति गर्र्दछु । राष्ट्रियता , स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको मार्गचित्र कोर्न संघर्ष गर्ने महान नेपाली नागरिक र सबल नेतृत्व गर्नुहुने शिखर व्यक्ति प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

लामो समयको नेपाली जनताको संघर्षबाट जनताको चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । लोकतान्त्रिक व्यवस्था र प्रणालीको बलियो जग राख्न हाम्रो भूमिका महत्वपूर्ण रहेको छ । समृद्ध नेपालः सुखी नेपाली हाम्रो राष्टिय अभियानलाई सार्थकता दिंदै रास्कोट नगरपालिकालाई समृद्ध बनाउने हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयत्नरत छौं । यस अभियानमा सम्पूर्ण महानुभावहरुको रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

हामी निर्वाचित भएर जनताको सुखः दुखमा हातेमालो गर्दै विकासको लहरमा समाहित भएको तिन वर्ष पार भइसकेको छ । रास्कोटको समृद्धिको अभियानमा महत्वपूर्ण भुमिका निर्वाह गर्नु हुने सम्पुर्ण नगरसभाका सदस्य, आम नागरिक, बुद्धिजिवी, उद्यमी, व्यवसायी, राष्टसेवक प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । रास्कोटको सर्वाङ्गीण विकासका लागि नगरपालिकालाई अग्रगामी पथमा लैजान प्रदर्शकको भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण आदरणीय अग्रजहरुको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

रास्कोटका जनताको अपार तथा उत्साहपुर्ण सहभागीताको परिणामले नै हामी उत्साहित भएका छौं । यो सरकार रास्कोटवासीको आशा र भरोसाको केन्द्रविन्दु हो । हामी रास्कोटका जनताले पाउने सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, भरपर्दो र गुणस्तरीय बनाउन हरपल प्रयत्नरत छौं । हाम्रो कामले नागरिकको मुहार उज्यालो पार्ने लक्ष्य रहेको छ । रास्कोटका नागरिकको सर्वोत्तम हित र अग्रगामी प्रगतिका लागि यो सरकार प्रतिवद्ध रहेको व्यहोरा दृढ विश्वास दिलाउन चाहन्छु ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, संघीय सरकार को आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक ऐन, विनियोजन विधेयक, आर्थिक विधेयक, कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु, विभिन्न राजनैतिक दलका पदाधिकारीहरु, पेशा व्यावसायी, संघ संस्था, बुद्धिजिवि, विषयगत कार्यालयबाट प्राप्त सुझावहरु लाई यथासम्भव मार्गदर्शनको रुपमा लिएको छु ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी., कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

अध्यक्ष महोदय,

अब म रास्कोट नगरपालिकाको आ.ब. २०७७।०७८ को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न चाहन्छु ।

चालु आ.व.मा हामीलाई संघिय सरकारको समानीकरण अनुदान रु. १० करोड २८ लाख, संघीय सरकारको समपूरक अनुदान १ करोड ३५ लाख, संघीय सरकार राजश्व बाँडफाँड ५ करोड ९९ लाख ३ हजार ५ सय साठी, संघीय सरकार विशेष अनुदान ३ करोड ७० लाख, संघीय सरकार सशर्त अनुदान १६ करोड ६७ लाख, कर्णाली प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १ लाख ६ हजार, प्रदेश सरकार समपूरक अनुदान १ करोड ५० लाख, प्रदेश सरकारको राजश्व वांडफांड वाट प्राप्त अनुदान २ लाख ४५ हजार , प्रदेश सरकारको शसर्त अनुदान ५० लाख, प्रदेश सरकारको विषेश अनुदान ४० लाख, आन्तरिक श्रोत ३ करोड , अन्य ३ करोड, बैदेशिक श्रोत १ करोड ५० लाख गरी जम्मा ४८ करोड ९२ लाख ५४ हजार ५ सय ६० कुल बजेट विनियोजन गरेका थियौ ।

सचेत नागरिक, कुशल कर्मचारी र सक्षम नेतृत्वका कारण हामीले गत आ.ब. २०७७।०७८ का अधिकांश योजनाहरु कुशलतापुर्वक सम्पन्न गरेका छौ । संघीय सरकार र प्रदेश सरकारबाट योजनाहरु समयमा प्राप्त नहुँदा र विगतमा भएको लकडाउनका कारणले केही योजनाहरुमा काम सुचारु भैरहेको छ । कोभिड १९ को महामारी रोकथाम तथा नियन्त्रणका क्रममा जनचेतना तथा प्रचार प्रसार, राहत वितरण, उद्दार, अस्पताल व्यावस्थापन, स्वास्थ्यकर्मी परिचालन लगायतका कार्य गरी कोभिड १९ नियन्त्रण तथा व्यावस्थापन गरेका छौ । कोरोना भाइरसको सम्भावित संक्रमणबाट रास्कोटवासी दाजुभाई तथा दिदिबहिनिहरुको ज्यान जोगाउन हाम्रा जनप्रतिनिधिहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी अहोरात्र खटिइ रहनु भयो । यस समयमा समुदायबाट पनि नगर सरकारलाई ठूलो सहयोग प्राप्त भएको अनुभूती गरेको छु ।

अध्यक्ष महोदय,

अव म आगामी आ.व.०७८।०७९ को बजेट सिमा उल्लेख गर्ने अनुमति चाहन्छु ।

| सि .न. | श्रोत समुह | श्रोत क्षेत्र | जम्मा बजेट सिमा |
|---|---|---|---|
| १ | संघिय सरकार | समानिकरण अनुदान | १०५८०००००। |
| २ | संघिय सरकार | शसर्त अनुदान चालु | १६५४००००००। |
| ३ | संघिय सरकार | शसर्त अनुदान पुँजिगत | १८१०००००। |
| ४ | संघिय सरकार | विषेश अनुदान पुजिगत | ४१६०००००। |
| ५ | संघिय सरकार | समपुरक अनुदान पुजिगत | ६२०००००। |
| ६ | संघिय राजश्व बाँडफाड | राजश्व बाँडफाड | ६०३२५००० |

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| ७ | प्रदेश सरकार | समानिकरण अनुदान | ११३८९०००। |
| ८ | प्रदेश सरकार | शसर्त अनुदान चालु | १४६१६०००। |
| ९ | प्रदेश सरकार | विषेश अनुदान पुजिगत | ४००००००। |
| १० | प्रदेश सरकार | समपुरक अनुदान पुजिगत | १३००००००। |
| ११ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | १०००००००। |
| १२ | अन्य अनुदान | अन्य अनुदान | २००००००००। |
| जम्मा रु | | | ४७०४३००००। |

माथिका सबै शिर्षकबाट प्राप्त हुने रकम अनुमान गरी आगामी आर्थिक वर्षको जम्मा बजेट सीमा जम्मा ४७ करोड ०४ लाख ३० हजार कायम गरेको छु।

हाल हाम्रा सामु धैरै आवश्यकता छन् । सिमित स्रोत साधनको उच्चतम उपयोग गरी हाम्रा प्राथमिकता प्राप्त योजनामा प्रभावकारी उपयोग गर्नु नै हाम्रो कर्तव्य हो।

अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष ०७८।०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चहान्छु।

बजेटका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु।

1. कोभिड १९ को रोकथाम तथा नियन्त्रण
2. बैदेशिक रोजगारीबाट फर्केकाहरुलाई कृषि उत्पादनमा आधारित रोजगारी
3. प्राविधिक तथा व्यावसायिक गुणस्तरिय शिक्षा प्रदान गर्ने
4. स्वस्थ तथा प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने
5. आर्थिक समृद्धि गर्ने,
6. भौतिक पुर्बाधारले सम्पन्न रास्कोट निर्माण गर्ने,
7. जनताको जीवन स्तरलाई उन्नत पार्ने,
8. आत्मनिर्भर उद्यमशिलता विकास गर्ने

9. बेरोजगारी न्युनिकरण गर्ने,

10. समाजबाद उन्मुख सामाजिक तथा आर्थिक संरचना तयार गर्ने,

11. सार्वजनिक सेवा प्रवाहको गुणस्तर वढाउदै सार्वजनिक उत्तरदायित्व सुनिश्चित गरी सुशासन कायम गर्ने।

आर्थिक बर्ष ०७८।०७९ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु।

1. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्दै सडक, यातायात, खानेपानी, सिचाई, उर्जा, जलश्रोत, सहरी पुर्वाधार, सुचना संचार तथा प्रविधि जस्ता भौतिक पुर्वाधारको द्रुत विकास गर्ने।
2. कृषि, बन, जडिबुटी, पर्यटन र उद्योगको समुचित विकास गर्ने।
3. शिक्षा स्वास्थ्य र खेलकुद जस्ता सामाजिक क्षेत्रको विकास गर्ने।
4. शान्ति सुरक्षा र सार्वजनिक सेवाको गुणस्तरमा बृद्धि गर्दै नागरिकलाई शुसासनको प्रत्याभुति दिलाउने।
5. पछि परेका महिला, दलित, जनजाती अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरुलाई समतामुलक सशक्तिकरण गर्ने।
6. स्थानीय सरकार संचालन सम्बन्धि आवश्यक कानुनहरु निर्माण गर्ने।
7. रास्कोटको समग्र विकासको मार्गचित्र तयार गरी गरीवि र पछयौटेपन न्युनिकरण गर्ने।
8. प्रशासन संयन्त्र र जनशक्तिको कार्यदक्षता वढाउन प्रशासनिक व्यवस्थापन र क्षमता विकास गराउने।
9. बजेटका उद्देश्य हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार, कर्णाली प्रदेश सरकार र निजि क्षेत्रसंग लागत साझेदारीका आधारमा सहकार्य गरिनेछ ।

विकास निर्माणका काममा जनसहभागिता अभिवृद्धि गरी गुणस्तरीय कार्य सम्पादन र सामाजिक उत्तरदायित्व वहन गर्ने प्रवृत्तिमा सुधार गरिनेछ।

विकासको साध्य समृद्धि हो। विकास गर्नु नै हाम्रो अन्तिम गन्तव्य हो। विकास जनताका लागि जनताको चाहानाको आधारमा गर्नु नै लोकतन्त्रको मर्म हो। लोकतान्त्रिक मुल्य मान्यता अनुसार विकासको अभियानमा रास्कोट नगरपालिका सवैको सहयोगमा उत्साहपूर्ण रुपमा समृद्धिको यात्रामा अविरल रुपमा अघि वढिरहनेछ।

स्थानीय सरकार सञ्चालनका लागि नेपालको संविधानले प्रदान गरेका अधिकारहरुको प्रयोग गरि आवश्यक नीति, नियम र कानुन बनाई रास्कोटवासीलाई कानुनी सरकारको प्रत्याभुति गराईनेछ।

अभाव र गरीवीमा पिल्सीएका समूदायलाई स्वरोजगारमुलक कार्यक्रम र न्युनतम आधारभुत विकासका पूर्वाधारका माध्यमबाट सहयोग पुर्याईनेछ।

हाम्रो समाजमा व्याप्त लैंगिक विभेदलाई अन्त्य गर्न लैङ्गिक हिंसा, बाल विवाह विरुद्ध  जनचेतनामुलक कार्यक्रमहरु अगाडी बढाईनेछ।

सार्वजनिक प्रशासनलाई श्रोत र साधन सम्पन्न वनाई जनताको विकास, सेवा र सुविधालाई अझ प्रभावकारी, दिगो र भरपर्दो बनाईनेछ।

रास्कोटको कर प्रणाली लगायत शुल्क र दस्तुरहरुलाई आवश्यक नीति, नियम र कानुन मार्फत व्यवस्थित बनाई रास्कोटको स्थानीय सञ्चित कोषलाई अझ मजवुद वनाउँदै स्वावलम्वी रास्कोट वनाउन प्रयास गरिनेछ।

स्थानीय विकास निर्माणका कार्यहरुबाट स्थानीय रोजगारी अभिवृद्धि गर्न बेरोजगार घरधुरीबाट १ जना रहने गरी सम्पूर्ण घरधुरीलाई श्रम रोजगार बैंकमा आबद्ध गरी रास्कोट नगरपालिकामा हुने सम्पूर्ण विकास निर्माणका कार्य श्रम रोजगार बैंक मार्फत गरिनेछ। आगामी आर्थिक वर्ष देखि कुनै पनि उपभोक्ता समिति गठन गरिने छैन।

नगरपालिकाले पुर्वाधार विकास लाई तिव्रतर रुपमा अघि बढाईनेछ।

सामाजिक परिचालनका लागि लागत साझेदारीमा काम गर्न चाहने गैर सरकारी संस्थासंगको सहकार्यमा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

लक्षित वर्गको शसक्तिकरणका लागि तिनीहरुको आर्थिक, सामाजिक, मानसिक, शारीरिक र साँस्कृतिक विकासलाई टेवा पुग्ने खालका कार्यक्रम र अभियानहरु सञ्चालन गरिनेछ, साथै लक्षित वर्ग मैत्री विकासको अवधारणा स्थापित गरिनेछ।

समानता कायम गर्न पछि परेको वर्गलाई सकारात्मक विभेद गरी समतामुलक व्यवहार अपनाउदै त्यस्तो वर्गको शसक्तिकरणमा जोड दिईनेछ।

जनताको जिवनस्तर सुधार गर्न विभिन्न सिपमुलक तालिम सञ्चालनका साथै अन्य रोजगारीका अवसरहरु सृजना गर्न सरकार लागि पर्नेछ।

नगरपालिकाका युवाहरुलाई स्वरोजगार बनाउने प्रकारका क्रियाकलाप सञ्चालन गरी युवा पलायनको अवस्थालाई न्युनीकरण गर्ने नीति अंगिकार गरिनेछ।

नगरपालिकाको समग्र विकासका लागि विषयगत कार्यालयहरुको क्षमता अभिबृद्धि गरिनुका साथै कृषि भेटेनरी जस्ता विषयगत कार्यालयहरु मार्फत विशेष कार्यक्रम सञ्चालन गरि गरिवी न्युनिकरण गर्न पहल गरिनेछ।

सार्वजनिक चासो र सरकारी कार्यालयको गतिविधि र सूचनालाई आम नागरिकको पहुचमा राख्न सूचनाको हक प्रत्याभूति गरिनेछ।

विभिन्न कला, संस्कृति र साहित्यको विकासका लागि आवश्यक योजना तयार गरि कला प्रेमी र साहित्य प्रेमीहरुलाई प्रोत्साहित गरिनेछ।

रास्कोटका नागरिकलाई उद्यमशील र उत्पादनशील बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

प्रदेश सरकार र संघीय सरकारसँग हाम्रो कार्यक्षमताको र विशिष्टताको आधारमा विकासका लागि थप कार्यक्रम माग गर्न आवश्यक पहल गरिनेछ।

रास्कोट दिगो विकासको मुल आधार,शुसासन, समृद्धि र प्रसस्त पुर्वाधार भन्ने मु नाराका साथ रास्कोट सरकार सञ्चालन गरिनेछ।

अध्यक्ष महोदय,

अब म सम्मानित सभा समक्ष आगामी आ.व. २०७८।०७९ को योजना तथा बजेट पेश गर्ने अनुमति चाहान्छु।

१. हाल विश्वभर फैलिरहेको कोभिड १९ को महामारीको जोखिमबाट नगरबासीहरुलाई सुरक्षित गर्ने कार्य नगरपालिकाको सर्वोच्च प्राथमिकतामा रहेको छ। कोभिड १९ रोकथाम र नियन्त्रणका लागि नगरपालिकाले आफ्नो सम्पूर्ण सामर्थ्य प्रयोग गर्नेछ। यस्तै रोगबाट फैलन सक्ने महामारी, प्राकृतिक विपद् तथा वर्षाको समयमा हुने धन जनको क्षतीलाई मध्यनजर गर्दै यसै वर्ष विपद् व्यवस्थापन कोषको वृद्धि गरी थप प्रभावकारी बनाइनेछ। यसको लागि १ करोड रकम विनियोजन गरेको छु।
२. कोभिड १९ को कारण रोजगारी गुमाएका वा वैदेशिक रोजगारी गुमाई घर फर्किएका नागरिकहरुलाई रोजगारी सिर्जना गर्ने कार्य आगामी बर्षको प्राथमिकतामा रहनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।
३. विभिन्न मानव सिर्जित तथा प्राकृतिक विपद्का कारण दुर्घटनामा परी मानवीय क्षती भएका नागरिक तथा तीनका परिवारहरुलाई सुरक्षाको प्रत्याभूति दिलाउन आगामी आर्थिक वर्षमा सम्पूर्ण नगरवासीको रु. १ लाख रकम बराबरको दुर्घटना वीमा गरिएको छ र यसलाई निरन्तरता दिईनेछ। यसकालागि आवश्यक रकम विनियोजन गरेको छु।
४. सहकारीको माध्यमबाट किसानले उत्पदान गरेको वस्तुहरुको बजारको सुनिश्चितता र उपभोक्ताहरुलाई सस्तो, गुणस्तरीय तथा सुलभ वस्तु आपूर्ती गर्न नगरपालिकाको सहयोगमा नगरस्तरमा स्थापना भएको सुपथ मूल्य पसललाई थप व्यवस्थित र आवश्यताअनुसार क्रमश वडाहरुमा विस्तार गरिनेछ। जसकालागि आवश्यक रकम विनियोजन गरेको छु।
५. भूमीहीन र विपन्न जनतालाई कृषि क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्न नगरको लेकवस्ती र खेती योग्य सार्वजनिक जमीनहरुमा व्यक्तिगत तथा सामूहिक खेती प्रणाली अबलम्बन गर्न प्रोत्साहित गरिनेछ। यसकालागि आवश्यक बजेट व्यवस्था गरेको छु।
६. रोजगारिका लागि विदेशिनु पर्ने बाध्यतालाई अन्त्य गर्न “श्रम रोजगार बैंक” लाई विविधिकरण तथा विस्तार गरि रोजगारी प्रदान गरिनेछ। यसकालागि नगरपालिकाद्वारा सञ्चालन हुने सम्पूर्ण आयोजनाहरु श्रम रोजगार बैंक मार्फत हुनेगरी व्यवस्था मिलाएको छु।

७. कृषि क्षेत्रको व्यवसायीकरण गर्न वास्तविक किसानहरुको पहिचान गरि किसानहरुको वर्गीकरण गरिनेछ । सोही आधारमा किसान परिचय पत्र उपलब्ध गराइनेछ । किसानहरुलाई कृषि कर्ममा प्रेरित गर्न पूँजी, प्रविधि, उपकरण तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ र किसानले उत्पादन गरेका वस्तुहरुको बजारको सुनिश्चितता गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र**

८. कृषि उद्यमलाई प्रोत्साहन गर्न उत्पादनमा समुदायमा आधारित बजार व्यवस्थापन गर्ने, नगरस्तरीय विक्रि केन्द्रहरुको स्थापना र सञ्चालन गर्ने साथै उत्कृष्ट कृषकलाई प्रोत्साहन गरी युवा जमातलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. आर्थिक विकासमा कृषि क्षेत्रको योगदानलाई वृद्धि गर्न कृषि क्षेत्रको विविधिकरण, व्यवसायिकरण र आधुनिकीकरण गर्दै लैजाने नीति लिइनेछ । विभिन्न खेतीहरुको जोन र पकेट क्षेत्र अनुसार कार्यक्रमहरु सञ्चालन गर्ने, कृषि क्षेत्रमा यान्त्रिकरण गर्दै उत्पादनको लागत न्यूनीकरण गरी कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक बनाईनेछ । यसकालागि ५० लाख रकम विनियोजन गरेको छु ।

१०. बाँझो रहेका जग्गा तथा परम्परागत निर्वाहमुखी खेती भएका जग्गामा आधुनिक व्यवसायिक खेतीका लागि “भूमी बैंक” को अवधारणा बमोजिम खेतीयोग्य जमिनको सूचीकरण गरी युवाहरुलाई कृषि उद्यममा लगाउने कार्यक्रम सञ्चालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११. दुग्ध उत्पादनलाई प्रोत्साहन गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा डेरी संचालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. नगरपालिका भित्रका वित्तिय सस्थाहरुसँग सहकार्य गरी लघु, घरेलु तथा साना उद्यमीहरुलाई स्वरोजगार बन्न प्रेरित गरिनेछ । स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. सहकारी मार्फत वित्तीय साक्षरता अभियान संचालन गरिनेछ । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१४. सम्पूर्ण राजनीतिक दलहरुलाई समेटी सर्वदलीय र सर्वपक्षीय छलफल गरि यथासम्भव सामूहिक समझदारी कायम गर्दै अगाडि बढ्ने नीति लिइनेछ ।

**सामाजिक विकासः शिक्षा, खेलकुद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१५. आधारभुत शिक्षामा सबैको पहुचको राष्ट्रिय नीतिलाई टेवा पुर्याउनका लागि शिक्षामा विशेष सहयोग पुऱ्याउन रास्कोट गुणस्तरीय शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसकालागि १ करोड २५ लाख रकम विनियोजन गरेको छु ।

१६. उच्चस्तरीय तथा गुणस्तरीय शिक्षामा सर्वसाधारण र विपन्न परिवारको समेत पहुँच स्थापना गर्ने विपन्न तथा दलित छात्र छात्रालाई उच्च प्राविधिक शिक्षामा छात्रवृतिका कार्यक्रमहरु सञ्चालन गर्न कोष खडा गरी कार्यान्वयनमा ल्याइनेछ । यसकालागि आवश्यक रकम विनियोजन गरेको छु ।

१७. विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको व्यवस्था गरी सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वृद्धि गर्ने व्यवस्था मिलाएको छु । यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. प्रविधिमा आधारित विद्युतीय शिक्षण प्रणाली लागू गरिनेछ।

१९. नगरपालिका भित्र स्वच्छ र सुलभ खानेपानीको आपुर्तीलाई प्राथमिकतामा राखिनेछ। रास्कोट वृहत खानेपानी आयोजनालाई निरन्तरता दिँदै यस वर्ष २ हजार ५ सय घरधुरीमा एक घर एक धारा कार्यक्रमलाई विस्तार गरिनेछ। यसकालागि १ करोड २० लाख रकम विनियोजन गरेको छु।

२०. नगरपालिकाका सडक किनारा,विद्यालय,स्वास्थ्य, खोलाका कोरिडोरहरु र खाली सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरी "हरित शहर" निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।

२१. स्वास्थ्यलाई नगरबासीहरुको आधारभूत हकको रुपमा स्थापना गर्ने नीतिको निरन्तरता दिदै स्वास्थ्यमा सबैको पहुँच विस्तार गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ। रास्कोट अस्पतालको मानव श्रोत तथा उपकरण सहितको स्तरोन्नती गरिनेछ। यसका लागि आवश्यक रकम व्यावस्था गरेको छु।

२२. नगर भित्रका युवा, बालबालिका, महिला तथा किशोर किशोरीहरुलाई लागू औषध दुर्व्यसनी, घरेलु तथा यौनजन्य हिंसा, बाल अधिकार तथा महिलाको हक सम्बन्धी न्याय सम्पादन गर्न न्ययीक समितिका सदस्य र मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ र महिलासँग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरिनेछ।

२३. नगरका सम्पूर्ण नागरिकहरुमा सकारात्मक सोचको विकास गर्नका लागि टोल टोलमा जिवन रुपान्तरण सम्वन्धी अभियान संचालन गरिनेछ। यसकालागि आवश्यक वजेटको व्यावस्था गरेको छु।

२४. लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रत्याभूत गर्न महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, असहाय, पिछडिएको वर्ग, भूमिहिन, जेष्ठ नागरिक, एकल महिला तथा विपन्न वर्गहरुको आवश्यकता अनुसार संरक्षण र सशक्तिकरणमा विशेष जोड दिइने छ। यसका लागि २५ लाख रकम विनियोजन गरेको छु।

२५. दलित महिला लगायतका महिलाहरुलाई व्यवसायिक सीप विकास गरी उद्यमी बनाउन आयमुलक, सीपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर हुने गरी सशक्तिकरणमा जोड दिइनेछ। भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने तथा अपाङ्ग व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।

२६. जेष्ठ नागरिक भत्ता लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई बैंकिङ प्रणालीबाट वितरण गरिने कार्यलाई निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्न संघीय सरकारसँगको समन्वयमा अभियानमुखी कार्यक्रम सञ्चालन गरिनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।

**पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास**

२७. वडा नं. १ देखि ९ सम्म ट्र्याक खोलिइसकेका सडकहरुको स्तरोन्नती गर्ने व्यवस्था मिलाएको छु। यसकालागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

२८. नगरपालिकाको चक्रपथ निर्माण तथा नगर भित्रका सहायक सडकहरुलाई मुख्य सडक सञ्जालसंग जोड्ने कार्यलाई प्राथामिकता दिइनेछ। अधुरा रहेका आरसिपि देखि गौंतु सम्मको सडक, बागमुन्टे देखि बाखरकोटीसम्म सडक, गगने तामाकोट सडक, बनिखेत छिचिमिरि सडक, लडेखोला गौंतु सेरा, कुमालबाडा राताखाल सडक, बिजयपुर

देखि स्यूना सडक, बालुखेत फुकु सडक, बल्लेकाँध स्वास्थ्य चौकी सडक, देउरा घडेनी त्रिवेणी सडक, लहरेला देखि टाड्कसम्मको सडक, लडेखोला, वर्षेढुङ्गा, गौतुकोट हुँदै सेरा, बगानेखोला देखि चाटेखोला हुँदै कोलिगाउँ सडक, छिचिमिरि बल्लेकाँध बयलपाटा सडक, खालडिल सेरिज्यूला घोडाधाउनी सडकको ट्र्याक खोल्ने र स्तरोन्नती गर्नको लागी व्यवस्था मिलाएको छु।

२९. जल उत्पन्न प्रकोप नियन्त्रणका लागि रास्कोट नगरभित्रका बाढी तथा पहिरो जोखिम क्षेत्रका खोला तथा खहरेमा तटबन्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। जसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।

३०. **संस्थागत विकास सेवा प्रवाह र सुशासनः** सामान्य सेवा प्रवाह, सुशासन, सूचना प्रविधिको विकास र तथ्यांक व्यवस्थापन।

३१. समय समयमा वडाहरुमा घुम्ती सेवा टोली मार्फत जेष्ठ नागरिक परिचयपत्र तथा अपाङ्ग परिचय पत्र वितरण कार्यलाई विस्तार र प्रभावकारी गराईनेछ। यसकालागि आवश्यक बजेट विनियोजन गरेको छु।

३२. अन्तमा, नगरपालिकाले आगामी आर्थिक बर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुमा सिर्जनात्मक सल्लाह सुझाव तथा कार्यान्वयनमा सहयोग र सहभागिताका लागि समस्त नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछु र समृद्ध रास्कोट नगरपालिका निर्माण गर्ने अभियानमा सबैको योगदानको अपेक्षा समेत गर्दछु। धन्यवाद। नमस्कार।